यो आकाशवाणी हो

प्रस्तुत छन् प्रमुख समाचार

- प्रधानमन्त्रीले गर्नुभयो भारतको पहिलो बुलेट ट्रेन परियोजनाको समीक्षा
- सूचना तथा प्रसारण मन्त्रीले भन्नुभयो, देशको लोकतन्त्रमा प्रेसको अहम भूमिका छ
- उपराष्ट्रपतिले भन्नुभयो, मिडियाले देशको विकासका समाचारसितै युवा जमातमा आशा भर्दछ
- श्री राधाकृष्णनले भन्नुभयो, CAG-ले सार्वजनिक वित्तमा जवाफदेही र पारदर्शिताको मानक कायम राख्दछन् अनि
- श्री अमित शाहले भोली फरीदाबादमा उत्तर क्षेत्रीय परिषदको बैठकको अध्यक्षता गर्नुहुने

अब समाचार विस्तारमा

प्रधानमन्त्री नरेन्द्र मोदीले जब देशका लागि काम गर्ने अनि केही नयाँ गर्ने भावना जागृत हुन्छ, यो अपार प्रेरणाको स्रोत बनिन्छ भन्ने कुरामाथि जोड़ दिनुभयो। श्री मोदीले यो कुरा हिजो सूरतमा भारतको पहिलो बुलेट ट्रेन परियोजनाको समीक्षा पछि भन्नुभयो। उहाँले यसको तुलना भारतको अन्तरिक्ष यात्रासित गर्नुभयो। श्री मोदीले भन्नुभयो.......
प्रधानमन्त्रीले परियोजनाको प्रगतिबारे जानकारी लिनुभयो, जसमा गति र समय-सारिणीको लक्ष्यको पालन पनि शामेल छ। कार्यकर्ताहरूले उहाँलाई आश्वस्त गरे कि परियोजना बिना कुनै कठिनाई सुचारू रूपमा अघि बढ़िरहेछ।

--------------------------------------X--------------------------------------

सूचना तथा प्रसारण मन्त्री अश्विनी वैष्णवले भन्नुभयो, देशको लोकतन्त्रमा प्रेसको अहम भूमिका छ। राष्ट्रिय प्रेस दिवसको अवसरमा नयाँ दिल्लीमा संवाददाताहरूसितको कुराकानीमा श्री वैष्णवले भन्नुभयो, प्रेसको विश्वसनीयता बढ़ाउन र भ्रामक समाचारको सामना गर्न प्रेस दिवसमा एउटा व्याख्यानको आयोजन गरियो। उहाँले यस अवसरमा प्रेस तथा मिडिया जगतमा काम गरिरहेका सबैलाई बधाई दिनुभयो अनि भन्नुभयो..................
समारोहमा सूचना तथा प्रसारण राज्य मन्त्री डाक्टर L मुरुगन, मन्त्रालयका सचिव सञ्जय जाजू र भारतीय प्रेस परिषदकी अध्यक्ष न्यायमूर्ति रञ्जना प्रकाश देसाई उपस्थित हुनुहुन्थ्यो। न्यायमूर्ति रञ्जना प्रकाशले आफ्नो सम्बोधनमा भन्नुभयो, पत्रकारिताले सत्यनिष्ठा, अटूट प्रतिबद्धता र दृढ़ताको माग गर्दछ। उहाँले भन्नुभयो, पत्रकारिता एउटा

पेशा मात्र नभएर सत्यको खोज हो। यो एउटा यस्तो पेशा हो, जसले साहस माग्दछ। राष्ट्रिय प्रेस दिवस प्रत्येक वर्ष सोल्ह नोभेम्बर आजकै दिन पालन गरिन्छ। यसै दिन भारतीय प्रेस परिषदको स्थापना भएको थियो अनि परिषदले 1966-मा स्वतन्त्र रूपमा पत्रकारिताका लागि चौथो स्तम्भको रूपमा कार्य गर्न शुरू गरेको थियो।

--------------------------------------X--------------------------------------

उपराष्ट्रपति CP राधाकृष्णनले मिडियाको अहम भूमिकामाथि जोड़ दिँदै भन्नुभयो, मिडियाले देशको विकासका समाचारसितै युवा जमातमा आशा भर्दछ। नयाँ दिल्लीमा मनोरमा न्यूजमेकर पुरस्कार 2024-मा आफ्नो सम्बोधनमा श्री राधाकृष्णनले भन्नुभयो, पत्रकारिता तिनीहरूको आवाज बन्दछ, जो स्वयंले आफ्नो आवाज उठाउन सक्दैनन। उहाँले समाजलाई नशामुक्त बनाउनका साथै जनहितमा दिएका व्याख्यानहरूलाई दिशा दिएकोमा मिडियाको सराहना गर्नुभयो। यस अवसरमा श्री राधाकृष्णनले केन्द्रिय पेट्रोलियम एवं प्राकृतिक ग्यास मन्त्रालय तथा श्रम एवं रोजगार मन्त्रालयका राज्य मन्त्री सुरेश गोपीलाई मनोरमा न्यूजमेकर पुरस्कारले सम्मानित गर्नुभयो। उपराष्ट्रपतिले सिनेमा र राजनीति दुवैमा सफल करियरका लागि श्री गोपीको सराहना गर्नुभयो।

--------------------------------------X--------------------------------------

यसअघि नयाँ दिल्लीमै सम्पन्न लेखापरीक्षा दिवस समारोह 2025-मा उपराष्ट्रपति श्री राधाकृष्णनले भन्नुभयो, भारतका नियन्त्रक र महालेखा परीक्षक (CAG)-ले सार्वजनिक वित्तमा जवाफदेही र पारदर्शिताको उच्चतम मानकलाई कायम राख्दछन्। श्री राधाकृष्णनले CAG-लाई जनताका धनको संरक्षक बताउनुभयो। उहाँले यो पनि भन्नुभयो, लेखापरीक्षामा निष्पक्षता र सत्यनिष्ठाले शासनको अखण्डतालाई दह्लिलो बनाउँछ। उपराष्ट्रपतिले भन्नुभयो, जसै-जसै देश विकसित भारत 2047-को दृष्टिकोण तर्फ बढ़िरहेछ, CAG-ले राजकोषीय अनुशासन र पारदर्शी शासनलाई दह्लिलो बनाउनमा भूमिका निभाइरहेछ।

उपराष्ट्रपतिले भन्नुभयो, वर्तमानमा CAG-ले एशियाई सर्वोच्च लेखा परीक्षा संस्थानहरूको संगठनको अध्यक्षता गरिरहेछ। उहाँले भन्नुभयो, विश्व स्वास्थ्य संगठन र अन्तरराष्ट्रिय श्रम संगठनसहित अन्तरराष्ट्रिय संगठनहरूका लागि गैर-लेखा परीक्षकका रूपमा आफ्नो भूमिकाबाट CAG-को वैश्विक प्रतिष्ठा बढ़ेको छ। उहाँले अधिकारीहरूलाई सार्वजनिक धनको कुशल र जिम्मेवारीका साथ उपयोगका लागि आफ्नो कौशल विकास गर्न पनि प्रोत्साहित गर्नुभयो।

---------------------------------------X---------------------------------------

गृह मन्त्री अमित शाहले भोली हरियाणाको फरीदाबादमा उत्तर क्षेत्रीय परिषदको बत्तीसौं बैठकको अध्यक्षता गर्नुहुनेछ। बैठकमा उत्तरी क्षेत्रका सदस्य राज्य र केन्द्रशासित प्रदेशले क्षेत्रीय र राष्ट्रिय महत्त्वका मुद्दामाथि चर्चा गर्नेछन्। हरियाणा, हिमाचल प्रदेश, पञ्जाब, राजस्थान, दिल्ली, जम्मू-कश्मीर, लद्दाख र चण्डीगढका वरिष्ठ अधिकारी यसमा सहभागी हुनेछन्। परिषदले केन्द्र र राज्यबीच सहयोगात्मक संवादका लागि मञ्च प्रदान गर्दछ। राज्य पुनर्गठन अधिनियम, 1956-अन्तर्गत गठित, क्षेत्रीय परिषदहरूले राज्यहरूसित जोड़िएका मामिलाको समाधानका लागि सल्लाहकार निकायका रूपमा कार्य गर्दछन्।

पछिल्लो एघार वर्षमा, विभिन्न क्षेत्रमा आपसी समझ र सहयोगको स्वस्थ सम्बन्धलाई बढ़ावा दिन र विभिन्न अन्तर-राज्यीय मुद्दाको समाधानमा सहयोग गर्नका लागि विभिन्न क्षेत्रीय परिषद र यसका स्थायी समितिहरूको कुल तीर्सटवटा बैठक आयोजित गरिएको छ।

---------------------------------------X---------------------------------------

सरकारले सोशल मिडियामा प्रसारित एउटा भिडियोलाई भ्रामक बताएको छ, जसमा दावी गरिएको थियो कि केन्द्रिय वित्त मन्त्री निर्मला सीतारामन एउटा यस्तो निवेश योजनाको प्रचार गरिरहनुभएको छ, जसमा मासिक सहज रिटर्नको वाचा गरिएको छ। प्रेस सूचना ब्यूरोको तथ्य जाँच एकाईले भनेको छ, यो भिडियो गलत छ र कृत्रिम बुद्धिमत्ताद्वारा निर्मित छ। यसका साथै, सरकारले यस्ता कुनै पनि योजनाको दावी गरेको छैन। यसैबीच, सरकारले नागरिकहरूसित यस्ता निवेश योजनाहरूको शिकार नहुन आग्रह गरेको छ अनि उनीहरूलाई यस्ता कुनै पनि लिंकको उपयोग नगर्ने सल्लाह दिएको छ, किनभने यो फसाउने प्रयास हुनसक्छ।

---------------------------------------X---------------------------------------

विदेश मन्त्री डाक्टर सुब्रमण्यडम जयशंकर र कतरका प्रधानमन्त्री तथा विदेश मन्त्री मोहम्मद बिन अब्दुल रहमान अल थानीले पश्चिम एशियाको घटनाक्रमका साथै व्यापक क्षेत्रिय र वैश्विक मुद्दामाथि विचारको आदान-प्रदान गर्नुभयो। एउटा सोशल मिडिया पोस्टमा, डाक्टर जयशंकरले दोहामा कतरका प्रधानमन्त्री र कतरका अमीर तमीम बिन हमद अल थानीसित आफ्नो बैठकमाथि प्रसन्नता व्यक्त गर्नुभयो। उहाँले भन्नुभयो,

चर्चामा ऊर्जा, व्यापार, निवेश र मानिसहरूबीच सम्बन्धसहित रणनीतिक साझेदारीका प्रमुख पक्षमाथि चर्चा भयो। डाक्टर जयशंकरले कतरका श्री अमीरलाई बैठकमा प्रधानमन्त्री नरेन्द्र मोदीको तर्फबाट शुभकामना दिनुभयो अनि भारत-कतर सम्बन्धलाई दह्रिलो गर्ने प्रतिबद्धता दोहोऱ्याउनुभयो। विदेश मन्त्रीले सहयोग बढ़ाउन र नयाँ अवसरहरूको खोजी गर्नमा कतरका श्री अमीरको मार्गदर्शनको सराहना गर्नुभयो।

---------------------------------------X---------------------------------------

भारतले दुबई एयर शो 2025-मा आफ्नो रक्षा शक्तिको प्रदर्शन गर्नेछ। यो दुई दिवसीय एयर शो भोली संयुक्त अरब अमीरात (UAE)-मा शुरू हुनेछ। भारतीय वायु सेनाले सूर्यकिरण एरोबैटिक टोली र LCA तेजसका साथ यस एयर शो-मा भाग लिनेछ। रक्षा राज्य मन्त्री सञ्जय सेठले भारतीय प्रतिनिधिमण्डलको नेतृत्व गर्नुहुनेछ। यस यात्राअवधि श्री सेठले आफ्ना UAE समकक्षसित द्विपक्षीय बैठकको अध्यक्षता पनि गर्नुहुनेछ।

---------------------------------------X---------------------------------------

बंग्लादेशमा, अन्तरराष्ट्रिय अपराध न्यायाधिकरणले भोली पूर्व प्रधानमन्त्री शेख हसीना र उहाँका दुई सहयोगीसित जोड़िएको मानवता विरुद्ध अपराधका मामिलामा फसेला सुनाउनेछ।
न्यायमूर्ति मोहम्मद गुलाम मुर्तुजा मजुमदारको अध्यक्षता रहेको तीन न्यायाधीशहरूको पीठले यसको पुष्टि गरेको छ। यसलाई मध्यनजर गर्दै ढाकामा सुरक्षा बढ़ाइएको छ। न्यायाधिकरण परिसर छेउछाउमा बोर्डर गार्ड बंग्लादेश, ऱ्यापिड एक्शन बटालियन र सेनाका अतिरिक्त बल तैनात गरिएको छ।

---------------------------------------X---------------------------------------

पाकिस्तानको लाहौरमा वकीलहरूले सर्वोच्च न्यायालयको शक्ति सीमित गर्ने सत्ताइसौं संविधान संशोधनको विरोध गरेका छन्। उनीहरूले न्यायाधीशहरूसित आफ्नो विरोध दर्ता गर्नका लागि राजिनामा दिने आग्रह पनि गरे।
राष्ट्रपति आसिफ अली जरदारीले बिहिबार सत्ताइसौं संविधान संशोधनमाथि हस्ताक्षर गरेर यसलाई कानुन बनाउनुभएको थियो। यो कानुनले रक्षा बलका प्रमुखको एउटा नयाँ पदको सृजना र एउटा संवैधानिक न्यायालयको स्थापनाको प्रावधान गर्दछ।

---------------------------------------X---------------------------------------

दक्षिण अफ्रीकाले कलकत्ताको ईडन गार्डेन्समा दुईवटा टेस्ट म्याचको श्रृंखलाको पहिलो खेलमा भारतलाई तीस रनले हरायो। दक्षिण अफ्रीकाको एक सय चौबीस रनको लक्ष्यको जवाफमा, भारत आफ्नो दोस्रो पारीमा तीरनब्बे रनमा समेटियो। भारतीय टोली दशजना खेलाड़ीका साथ खेलिरहेको थियो, किनभने कप्तान शुभमन गिल हिजो खेलअवधि गर्दनमा चोटका कारण रिटायर्ड हर्ट भएका थिए।

यसअघि, दक्षिण अफ्रीकाले हिजोको स्कोर सात विकेटमा तीरनब्बे रनबाट आफ्नो दोस्रो पारी शुरू गऱ्यो अनि टोली एक सय तीरपन रनमा अल आउट भयो। दुई म्याचको श्रृंखलाको पहिलो खेलमा ईडन गार्डेन्सको पिच ब्याट्समेनहरूका लागि चुनौतीपूर्ण साबित भयो।

--------------------------------------X--------------------------------------

अन्तमा प्रमुख समाचार पुनः एकपल्ट

- प्रधानमन्त्रीले गर्नुभयो भारतको पहिलो बुलेट ट्रेन परियोजनाको समीक्षा
- सूचना तथा प्रसारण मन्त्रीले भन्नुभयो, देशको लोकतन्त्रमा प्रेसको अहम भूमिका छ
- उपराष्ट्रपतिले भन्नुभयो, मिडियाले देशको विकासका समाचारसितै युवा जमातमा आशा भर्दछ
- श्री राधाकृष्णनले भन्नुभयो, CAG-ले सार्वजनिक वित्तमा जवाफदेही र पारदर्शिताको मानक कायम राख्दछन् अनि
- श्री अमित शाहले भोली फरीदाबादमा उत्तर क्षेत्रीय परिषदको बैठकको अध्यक्षता गर्नुहुने